**प्रस्तावहरु :**

१ आ.व २०७४।७५ को लागी बजेट तथा योजना निमार्ण मार्ग दर्शन सम्बन्धमा

२. चालु आ.व. २०७४।७५ को वडा भेला संचालन गर्ने सम्बन्धमा ।

३. नगर सभाको मिति तोक्ने सम्बन्धमा ।

४ वडामा जाने बजेट सिलीङ्ग सम्बन्धमा

५. जिल्ला समन्वय समितिबाट आउने कर्मचारी हाजीर गराउने सम्बन्धमा ।

**निर्णय न. १ .**

प्रस्ताव नं. १ मा छलफल गर्दा आ.व २०७४।७५ मा संचालन हुने वडा स्तरिय तथा नगर स्तरिय योजना छनौट तथा प्राथमिक करणका लागी प्रश्तुत भएको मार्ग दर्शन पारित गरी सोही मार्ग दर्शनका आधारमा रही योजना छनौट तथा प्राथमीकरण गर्ने गराउने र सो को जानकारी सबै वडा कार्यालयमा पठाउने निर्णय भयो ।

**निर्णय न. २.**

प्रस्ताव नं. १ मा छलफल गर्दा बस्ती तथा टोलबाट योजना निमार्ण गरी २०७४ साल श्रावण मसान्त भित्रमा वडा समितिको बैठक बाट आयोजना प्राथमीकता करण गरी बिषयगत समितिमा पेस गर्ने निर्णय गरीयो ।

**निर्णय न. ३.**

प्रस्ताव नं. २ मा छलफल गर्दा आ.व. २०७४।७५ को स्थानिय तहको प्रथम नगर सभा् २०७४ साल भाद्रको दोश्रो हप्ता भित्रमा सम्पन्न गर्ने निर्णय गरीयो ।

**निर्णय न. ४.**

प्रस्ताव नं. ३ मा छलफल गर्दा लक्षीत वर्ग समेतका कार्यकमका लागी वडा गत रुपमा संचालन हुने योजनामा रु चालीस लाख बजेट बिनियोजन गरी सो अनुसारका योजना निमार्ण गर्न वडामा जानकारी पठाउने निर्णय गरीयो ।

**निर्णय न. ५.**

प्रस्ताव नं. ५ मा छलफल गर्दा जिल्ला कर्मचारी ब्यवस्थापन समिति निर्णय बाट यस न.पा मा हाजिर हुन आउने कर्मचारी सम्बन्धमा कार्यलयको दरबन्दि संरचना सगँ मिलान हुने कर्मचारी खटाए मात्र हाजिर गराई काममा लगाउने निर्णय गरीयो ।